# नेपाल पत्रकार महासंघ यूरोप शाखाको विधान

*(सन् २०१७ जून २४ बेल्जियम लुभेन अधिवेशनबाट पारित गरिएको)*

**प्रस्तावनाः**

यूरोप महादेशमा रहेका नेपाली पत्रकारहरूलाई संगठित गरी प्रेस स्वतन्त्रताको रक्षा गर्दै स्वच्छ, व्यावसायिक र जिम्मेवार पत्रकारिताको विकासका लागि यूरोपमा रहेका नेपाली पत्रकारहरूको पेशागत हकहित र श्रम अधिकारको संरक्षण र संवर्धन गर्न वान्छनीय भएकाले, सूचनाको हक र विचार तथा अभिव्यक्तिको स्वतंत्रतालाई आत्मसात गर्दै, वृहत्तर हितका निम्ति पारदर्शी र स्वतन्त्र समाजको विकास गर्न, अन्तर्राष्ट्रिय जगतमा पत्रकारिता क्षेत्रमा क्रियाशील संघ, संस्था तथा व्यक्तिहरूसँग सौहार्दपूर्ण सम्बन्ध कायम गर्दै, यूरोपियन नियम कानून अनुसार नेपाल पत्रकार महासंघको संगठनात्मक संरचना स्थापना र संचालनगर्न आवश्यक भएकाले यो विधान जारी गरिएको छ ।

## परिच्छेद – १

**नाम र प्रारम्भ:**
यस विधानको नाम 'नेपाल पत्रकार महासंघ यूरोपको विधान' रहेको छ ।
नेपाल पत्रकार महासंघ यूरोपलाई अंग्रेजीमा **Federation of Nepali Journalists Europe** भनिनेछ भने **FNJE** छोटकरीमा भनिने छ र यसलाई युरोपियन कानुन बमोजिम यूरोपमा दर्ता गरिने छ । यो विधान यूरोप शाखाका सदस्यहरुमा तत्काले लागू हुनेछ ।

**१, परिभाषा:**
विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा,
(१) "पत्रकार" भन्नाले छापा, प्रसारण तथा अनलाइन जस्ता कुनै पनि प्रकृतिका आमसञ्चारका माध्यमसँग आवद्ध यस विधान बमोजिम तोकिएको योग्यता पुगेको समाचार संकलन, उत्पादन, सम्पादन, सम्प्रेषण, समाचार लेखन/पुनर्लेखन गर्ने कार्यका साथै नियमित स्तम्भ लेखक, कार्टुनिष्ट, फोटो पत्रकार, प्रेस क्यामेरापर्सन, समाचार तथा समाचारमुलक कार्यक्रम निर्माता तथा सञ्चालक, समीक्षक, साजसज्जा,स्केच, भाषा तथा श्रब्य दृश्य सम्पादक एवं स्वतन्त्र पत्रकार समेतलाई जनाउँछ ।
(२) "यूरोप शाखा" भन्नाले यस विधानबमोजिम गठन भएको नेपाल पत्रकार महासंघको यूरोप शाखालाई जनाउँछ ।
(३) "सदस्य" भन्नाले नेपाल पत्रकार महासंघ यूरोप शाखाको विधान बमोजिमको सदस्यता प्राप्त गरेका व्यक्तिलाई जनाउँछ ।
(४) "विधान" भन्नाले नेपाल पत्रकार महासंघ यूरोप शाखाको यसै विधानलाइ जनाउँछ ।

**२. यूरोप शाखाको उद्देश्य:**
(१) यूरोपमा रहेका नेपाली पत्रकारहरूलाई संगठित गरी आवस्यक नेतृत्व प्रदान गर्दै उनीहरूको हक अधिकार तथा संरक्षण गर्न क्रियाशील रहने ।
(२) उत्तरदायी, मर्यादित र जिम्मेवार पत्रकारिताको संस्थागत विकासमा क्रियाशील हुँदै स्वतन्त्र प्रेसको विश्वव्यापी मर्म, मान्यता, आचरण र आदर्शलाई परिपालना गर्ने ।
(३) सूचनाको हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा क्रियाशील रहने ।
(४) पत्रकार तथा आमसञ्चार माध्यमको व्यावसायिक हकहित र भौतिक सुरक्षाका लागि सक्रिय रहने ।
(५) पत्रकारिता क्षेत्रसँग सम्बन्धित विषयहरूमा बैठक, भेला, सभा, सम्मेलन, गोष्ठी, अन्तक्रिरया, प्रशिक्षणलगायत अन्य विभिन्न रचनात्मक गतिविधिहरू सञ्चालन गर्ने र पत्रपत्रिका, कार्यक्रम तथा प्रतिवेदन प्रकाशन वा उत्पादन गर्ने ।
(६) राष्ट्र, समाज र आम नागरिक तथा पत्रकार जगतको हितका साथै स्वच्छ पत्रकारिताको प्रवर्धनका निम्ति क्रियाशील रहने ।

(७) आफू क्रियाशील रहेको देश र नेपालको केन्द्रीय महासंघ बीच सम्वन्ध सुद्दढ गर्ने भूमिका निर्वाह गर्ने ।

# परिच्छेद – २

## १. सदस्यता

(१) साधरण सदस्य:
देहायका व्यक्तिहरू यूरोप शाखाको सदस्य हुन योग्य हुनेछन्
पत्रकारिता वा अरू कुनै विषयमा स्नातक उत्तीर्ण गरी एक वर्षदेखि पत्रकारिता पेशामा लागेको व्यक्ति अथवा पत्रकारिता वा अन्य कुनै विषयमा उच्चमाध्यमिक तह वा सो सरह उत्तीर्ण गरी दुई वर्षदेखि पत्रकारिता पेशामा लागेको व्यक्ति अथवा महिला, आदिवासी जनजाति, दलित, मधेशी, थारू, मुस्लिम, अपाङ्गता वा अन्य पहिचान भएका व्यक्ति र अल्पसंख्यक, उत्पीडित वा पिछडिएको क्षेत्र र कर्णालीका हकमा एक वर्षदेखि पत्रकारिता क्षेत्रमा क्रियाशील भए पुग्नेछ । माथी तोकिएको सबैको हकमा नेपाली नागरिक अथवा गैर आवासीय नेपाली नागरिक हुनु पर्नेछ ।
अन्य शाखाबाट सदस्यता स्थानान्तरण गरेको अवस्थामा ।

(२) मानार्थ सदस्यः
महासंघको उद्देश्य प्राप्तिका लागि विशेष योगदान पुर्‍याएका स्वदेशी वा विदेशी व्यक्ति वा संस्थालाई सम्मानपुर्वक मानार्थ सदस्यको रुपमा राख्न सक्नेछ ।

## २. सदस्यता प्राप्त गर्ने कार्यविधि:

सदस्यताको लागि आवेदन, स्वीकृति र प्राप्ति देहायबमोजिम हुनेछ:
यूरोप शाखाको सदस्यता लिन चाहने पत्रकारले योग्यताको प्रमाणपत्र र पत्रकारितामा निरन्तरता र क्रियाशीलताको प्रमाण तोकिएको ढाँचामा यूरोप शाखालाई निवेदन दिनुपर्नेछ । यूरोप शाखाले आवेदन खुल्ला गरेको समयमा निवेदन दिन सकिनेछ ।
आवेदन आएपछि शाखा वा एशोसियट संस्थाले छानबिन गरी योग्यता पुगेका आवेदकको सदस्यता स्विकृतगरी अनुमोदनका लागि केन्द्रमा पठाउने छ ।
मानार्थबाहेक सबै प्रकारका सदस्यको अवधि तीन वर्षको हुनेछ।
नवीकरणका लागि पत्रकारितामा निरन्तर संलग्न रहेको प्रमाण पेश गर्नु पर्नेछ ।
मानार्थ सदस्यता महासंघको केन्द्रीय समितिले समाप्त गर्ने निणर्य नगर्दासम्म कायम रहनेछ ।

## ३. सदस्यता शुल्क:

(क) सदस्यता शूल्क वार्षिक ५० यूरो हुनेछ तर, नयाँ सदस्यलाई ५० यूरो बढी लाग्नेछ ।
(ख) हरेक ३ वर्षमा सदस्यता नवीकरण गर्नु पर्नेछ ।
(ग) सदस्य शूल्कको केही रकम महासंघको नियम अनुसार केन्द्रमा पठाउनु पर्नेछ ।

## ४. सदस्यताको समाप्ति:

(क) सदस्यताबाट दिएको राजीनामा स्वीकृत भएमा ।
(ख) विधान अनुसार बुझाउनु पर्ने शुल्क नबुझाएमा ।
(ग) कुनै सदस्यले विधान प्रतिकुल काम गरेको छ भन्ने समितिले ठहराएमा ।
(घ) नैतिक पतन देखिने फौजदारी अभियोग प्रमाणित भएमा ।
(ङ) पत्रकारिता नगरेमा ।
(च) मृत्यू भएमा ।

**५. सदस्यको अधिकार**

(क) सदस्यले विधान बमोजिम यूरोप शाखाको निर्वाचनमा आफू उम्मेदवार हुन र मतदान गर्न पाउनेछ ।
(ख) सदस्यले सम्बन्धित सभामार्फत् महासंघको नीति निर्माणमा संलग्न हुन पाउनेछ ।
(ग) माथी (क) र (ख) को अधिकार मानार्थ सदस्यलाई हुने छैन ।

## परिच्छेद – ३

**यूरोप शाखा समिति:**

**१. समितिको गठन र विधि:**

यूरोप शाखाका सदस्यले विधान बमोजिम शाखाको निर्वाचनमा आफू उम्मेदवार हुन वा मतदान गर्न पाउनेछ । सदस्यले कार्यकारिणी सभा मार्फत यूरोप शाखाको नीति निर्माणमा संलग्न हुन पाउनेछ ।

महासंघको उद्देश्य पुर्तिका लागि यूरोप शाखाका सबै साधारण सदस्यले आफ्नै शाखामा रहेको मतदान केन्द्रमार्फत गोप्य मतदानबाट देहाय बमोजिमको समिति निर्वाचित गर्नेछन् ।

(क) अध्यक्ष
(ख) बरिष्ठ उपाध्यक्ष र धेरै देश भएकाले आवश्यकता अनुसार उपाध्यक्षहरू
(ग) महासचिव,
(घ) उप-महासचिव र सचिवहरू (धेरै देश भएकाले आवश्यकता अनुसार)
(ङ) कोषाध्यक्ष
(च) सदस्यहरु (आवश्यकता अनुसार)
(झ) कार्यसमितिले आवश्यकता अनुसार प्रमुख संरक्षक, संरक्षक र सल्लाहकारहरु मनोनीत गर्न सक्नेछ र आवश्यक बमोजिम सदस्यहरु मनोनयन र जिम्मेवारी हेरफेर गर्न सक्नेछ ।

**२. अधिवेशन तथा साधारण सभा:**

हरेक तीन वर्षमा यूरोप शाखाको अधिवेशन हुने छ भने कार्यकालको बीच अवधि अर्थात साढे एक वर्षमा साधारण सभा हुनेछ ।
अधिवेशन तथा साधारणसभा सम्बन्धी व्यवस्था देहायबमोजिम हूनेछ ।
साधारणसभा वा अधिवेशनमा उपस्थित सदस्यको बहुमतबाट पारित निणर्य कार्यान्वयन गर्न सम्बन्धित समितिको दायित्व हुनेछ ।
साधारण सभा वा अधिवेशनमा अध्यक्ष, महासचिव/उप-महासचिव/सचिव तथा साधारणसभाले तोकेका कम्तीमा तीन जना सदस्यले हस्ताक्षर गरी प्रमाणित गरेको मुल अभिलेख नै निणर्य मानिनेछ ।
समितिका अध्यक्षले साधारण सभाको अध्यक्षता गर्नेछ । तर अधिवेशनको बन्द सत्रको सञ्चालनका लागि अध्यक्षमण्डल गठन गर्न सकिनेछ ।

**३. निर्वाचन**

**निर्वाचन समिति र कार्यविधिः**
(१) कुनै पनि तहको नेतृत्व चयन निर्विरोध भएको अवस्थामा बाहेक यूरोप शाखाका प्रत्येक सदस्यले मतदान गर्ने गरी गोप्य मतदानका आधारमा गरिनेछ ।
(२) नयाँ समितिको निर्वाचनका लागि केन्द्रीय समितिसंग परामर्शगरी मिति तय गर्दै निर्वाचन सम्पन्न गर्न समितिले तोकेको व्यक्तिको संयोजकत्वमा निर्वाचन समिति गठन गरिनेछ ।

(३) निर्वाचन समितिको काम, कर्तव्य तथा निर्वाचन प्रक्रियाः
(क) निर्वाचन समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ । समितिले कामलाई सहज बनाउन आफैं कार्यविधि तय गर्न सक्नेछ ।
(ख) निर्वाचन समितिले यस विधानको अधीनमा रही निर्वाचन सम्पन्न गर्नेछ ।
(४) समितिले तोकेको मितिमा विधिसम्मत र निर्वाचनका आधारभूत सिद्धान्तहरूको परिपालना गरी निर्वाचन सम्पन्न गर्नु निर्वाचन समितिको कर्तव्य हुनेछ ।
(५) निर्वाचन समितिलाई सहयोग गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।
(६) निर्वाचन सम्पन्न भए लगत्तै मतगणना गर्नुपर्नेछ ।

## परिच्छेद – ४

**१, काम, कर्तव्य र अधिकार:**

काम कर्तव्य र अधिकार भन्नाले शाखाका अध्यक्ष, बरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, उप-महासचिव, सचिव, कोषाध्यक्ष र सदस्यहरुको अधिकार भनेर बुझ्नुपर्नेछ ।

**अध्यक्षको काम, कर्तव्य र अधिकार:**

(क) यूरोप शाखालाई नीतिगत र सांगठनिक नेतृत्व प्रदान गर्ने ।
(ख) समिति र सभाको अध्यक्षता ग्रहण गर्ने र उक्त बैठक र सभामा मतदान हुँदा मत बराबर भएमा निर्णायक मत दिने ।
(ग) केन्द्रिय सभा र समितिका निणर्यहरू कार्यान्वयन गर्ने गराउने ।
(घ) समितिले तोकेका अन्य कामहरू ।

**बरिष्ठ उपाध्यक्ष - उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(क) अध्यक्ष कुनै कारणले आफ्नो काम गर्न असमर्थ भएमा, काम
विशेषले देशवाहिर रहेमा वा निजको पद रिक्त भएमा कार्यबाहक अध्यक्षको रुपमा निजको कर्तव्यको पालना र अधिकार प्रयोग गर्ने जिम्मेवारी हुनेछ ।
(ख) यूरोप शाखाका निणर्य कार्यान्वयन गर्ने, गराउने ।
(ग) अध्यक्ष वा केन्द्रीय समितिवाट आफूलाई सुम्पिएको वा तोकिएको कर्तव्यको पालना र अधिकारको प्रयोग गर्ने,

**महासचिव/उप-महासचिवको काम, कर्तव्य र अधिकार**

(क) अध्यक्षसँग परामर्श गरी समितिको बैठक र सभा बोलाउने,
(ख) सभा र समितिका निणर्यहरू कार्यान्वयन गर्ने गराउने,
(ग) यूरोप शाखाका सभा र समितिका लिखित कागजातहरूको अभिलेख तयार पार्ने र सुरक्षित राख्ने,
(घ) आफूलाई सुम्पिएको वा तोकिएको कर्तव्यको पालना र अधिकारको प्रयोग गर्ने,
(ङ) महासंघको लिखत प्रमाणित गर्ने,
(च) समितिको तर्फबाट प्रतिवेदन पेश गर्ने,
(छ) भैपरी आउने काम गर्ने - गराउने,
(ज) दैनिक प्रशासन सञ्चालन गर्ने गराउने,
(झ) विधानले तोकेबमोजिमका अन्य काम गर्ने,

**सचिवको काम, कर्तव्य र अधिकार**

(क) महासचिव र उप-महासचिवको अनुपस्थितिमा सम्पूर्ण काम गर्ने,
(ख) महासचिवको काममा आवश्यक सहयोग गर्ने,

**कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(क) यूरोप शाखाको वार्षिक आर्थिक कार्यक्रम तयार गर्ने,
(ख) यूरोप शाखाको कोष तथा लेखासम्बन्धी सम्पूर्ण दायित्व बहन गर्ने,
(ग) यूरोप शाखाको आय-व्ययको हिसाब दुरुस्त राख्ने,
(घ) यूरोप शाखाको तर्फबाट जिन्सी लगत राख्ने,
(ङ) यूरोप शाखाको तर्फबाट असुल गर्नपर्ने शुल्क तथा रकम असुल उपर गर्ने गराउने,
(च) यूरोप शाखाको लागि आवश्यक आर्थिक स्रोतको व्यवस्थापन र परिचालन गर्ने,

**सदस्यहरूको काम, कर्तव्य र अधिकारः**

(क) समितिका सदस्यहरूले बैठकको निणर्य बमोजिम आफूलाई सूम्पिएको जिम्मेवारी पूरा गर्ने ।
(ख) यूरोप शाखाका सदस्यले विधान बमोजिम शाखाको निर्वाचनमा आफू उम्मेदवार हुन वा मतदान गर्न पाउनेछ ।
(ग) सदस्यले कार्यकारिणी सभा मार्फत यूरोप शाखाको नीति निर्माणमा संलग्न हुन पाउनेछ ।

# परिच्छेद – ५

**१. अविश्वासको प्रस्ताव:**

यूरोप शाखाका कुनै पदाधिकारी वा सदस्यका विरुद्ध दुई तिहाइ साधारण सदस्यले कारण खुलाई हस्ताक्षर गरी यूरोप शाखा र केन्द्रीय कार्यालयमा अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन् ।
त्यो प्रस्ताव दर्ता भएपछि यूरोप शाखाले ३५ दिनभित्र विशेष साधारणसभा बोलाई सो प्रस्ताव पेश गर्नु पर्नेछ । समितिका कुनै पदाधिकारी वा सदस्यले आफूलाई लागेको अभियोगका सम्बन्धमा स्पष्टीकरण दिन पाउनेछ र यस्तो स्पष्टीकरणबाट सन्तुष्ट भएमा सभाले प्रस्ताव फिर्ता लिन सक्नेछ । प्रस्ताव फिर्ता नभएमा यसलाई मतदानमा लगिनेछ ।

**२. अनुशासन र कारबाही:**

(क) महासंघको विधान तथा अनुशासनको पालना गर्नु यूरोप शाखा र त्यसमा आवद्ध सदस्यको कर्तव्य हुनेछ ।
(ख) अनुशासन पालना गरे नगरेको आधारमा यूरोप शाखाले कार्वाही गरी महासंघको केन्द्रीय समितिलाई सदस्यता निलम्बनका लागि सिफारिस गर्न सक्नेछ ।

**३. विधानको संशोधन**

**संशोधन विधिः**

(१) विधान संशोधन प्रस्ताव समितिले साधारण सभामा प्रस्तुत गर्ने छ । सो प्रस्तावबारे संशोधन समितिले साधारण सभा हुनुभन्दा कम्तीमा तीस दिनअगाडि लिखित सूचना प्रेषित गर्नेछ ।
(२) अध्यक्ष लगायत अन्य पदाधिकारीहरूको कार्यकाल सीमा अवधि यूरोप शाखामा लागू हुने छैन ।
(३) अधिवेशन गर्नुपूर्व कम्तिमा १५ दिन अघि सूचना जारी गर्नुपर्नेछ ।
(४) प्रस्तावित संशोधन साधारण सभामा उपस्थित सदस्यहरूको दुई तिहाइ मतबाट पारित हुनेछ र त्यसलाई सम्वन्धित अधिकारी वा निकायबाट स्वीकृत भएपश्चात मात्र विधानको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।
(५) संक्रमणकालीन अवस्थामा कार्यसमितिको कार्यअवधि थपघट गर्नुपर्ने अवस्था भएमा कार्यसमितिले निर्णय गरे बमोजिम हुने छ ।

**४. संस्थाको खारेजी:**

यूरोप शाखाको साधारण सभाको दुई तिहाई बहुमतले संस्था खारेजीको निर्णय गरेमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**५. संस्थाको छाप र लेटर प्याड:**

सामान्य छाप र लेटर प्याड: यूरोप शाखाको सामान्य छाप र प्रतीक तल चित्रमा उल्लेख भए बमोजिम हुनेछ ।
लोगो र लेटर प्याड




